# कलैया उपमहानगरपालिका

## नगर कार्यपालिकाको बैठक नं.०४/०८०/८१

आज मिति २०८०।०५।३१ गते आइतवार दिउँसो १(एक) बजे कलैया उपमहानगरपालिकाका नगर प्रमुख श्री विनोद प्रसाद साह ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.०४।०८०।८१ (चौथो बैठक) मा निम्नानुसारको पदाधिकारीहरूको उपस्थितिमा बैठक बसियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | विनोद प्रसाद साह | नगर प्रमुख | | |
| २. | रौशन परविन | नगर उपप्रमुख | | |
| ३. | मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | | |
| ४. | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | | |
| ५. | मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ | | |
| ६. | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | | |
| ७. | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | | |
| ८. | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | | |
| ९. | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | | |
| १०. | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | | |
| ११. | पुरुषोत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | | |
| १२. | महम्मद सबिर | वडा अध्यक्ष, वडा नं.१० | | |
| १३. | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | | |
| १४. | लालबाबु महतो | वडा अध्यक्ष, वडा नं.१२ | | |
| १५. | राजेश महथा खत्री | वडा अध्यक्ष, वडा नं.१३ | | |
| १६. | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | | |
| १७. | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | | |
| १८. | शेषनाथ साह तेली | वडा अध्यक्ष, वडा नं.१६ | | |
| १९. | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २०. | धुरुप राउत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | | |
| २१. | हरिन्द्र राउत कुर्मी | वडा अध्यक्ष, वडा नं.१९ | | |
| २२. | मो. आलम पावरिया | वडा अध्यक्ष, वडा नं.२० | | |
| २३. | शिवबिहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | | |
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | | |
| ३५. | उदित कुमार साह कानु | कार्यपालिका सदस्य | | |
| ३६. | राजेश्वर सिंह | कार्यपालिका सदस्य | | |
| ३७. | नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | | |

**बैठकमा आमन्त्रित तथा सहजीकरण गर्ने कर्मचारीहरूको उपस्थिति**

| क.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | दिवाकर झा | प्रशासन प्रमुख | | |
| २. | तैयब अंसारी | स.पाँचौं (राजस्व शाखा) | | |
| ३. | मन्जु सोनार | स.पाँचौं (प्रशासन शाखा) | | |
| ४. | विश्वल यादव | कार्यालय सहयोगी | | |

## कलैया उपमहानगरपालिका

## नगर कार्यपालिकाको बैठक नं.०४/०८०/८१ मिति २०८०।०५।३१ गतेको एजेण्डा तथा निर्णयहरू

### छलफल गरिने विषयहरू र निर्णयहरू (Agendas and Decisions)

१. वडा नं.६ पर्सा र लहेर्वा टोलमा सडक निर्माण हुने सडकको चौडाई सम्बन्धमा ।
निर्णयः यस प्रस्ताव माथि छलफल गर्दा वडा नं.६ पर्सा र लहेर्वा टोल सडक निर्माण गर्न हालको परिवेशमा सडकको न्यूनतम चौडाई २८ फिट कायम गर्ने निर्णय गरियो ।

२. वडा नं.४ हनुमान मन्दिर देखि अदालत हुँदै सुन्दरबस्ती टेङ्ग्रहर खोलासम्मको बाटोको चौडाई सम्बन्धमा ।
निर्णयःप्रस्ताव नं.२ माथि छलफल गर्दा यस उपमहानगरपालिका वडा नं.४ हनुमान मन्दिरदेखि अदालत जाने बाटोको न्यूनतम चौडाई ३०(तीस) फिट कायम गर्ने निर्णय गरियो। साथै अदालतदेखि सुन्दरबस्ती जाने बाटोको टेङ्ग्रहर खोलासम्मको लागि समेत न्यूनतम चौडाई ३०(तीस) फिट कायम गर्ने निर्णय गरियो ।

३. ल्याण्डफिल निर्माणका लागि बजेट सम्बन्धमा ।
निर्णयः तयार भएको डि.पि.आर. अनुसार ल्याण्डफिल निर्माणको कार्य अगाडी बढाउन बजेट व्यवस्थापनको लागि शहरी विकास मन्त्रालय र दातृ निकायलाई अनुरोध गर्ने निर्णय गरियो।

४. ~~उपभोक्ता समितिका पदाधिकारीले नगरपालिकाको कर चुक्ता गर्नुपर्ने सम्बन्धमा~~ ।
~~निर्णयः नगरपालिकाले गठन गरेका उपभोक्ता समितिका पदाधिकारीले कार्य सम्झौता गर्ने बेलामा नगरपालिकाको कर चुक्ता गरेको विवरण पेश गर्नुपर्ने निर्णय गरियो~~ ।

५. आर्थिक सहायता सम्बन्धमा ।
निर्णयः आर्थिक सहायता सम्वंन्धी कार्यविधि वमोजिम प्रत्येक वडाले रु.१,००,०००।-(एक लाख) सम्म आर्थिक सहायता उपलब्ध गराउने गरेको सिफारिस वमोजिम नगरपालिका कार्यालयले भुक्तानी गर्ने निर्णय गरियो।

६. नगर स्तरीय धर्मसँस्कृति रकम सम्बन्धमा ।
निर्णयः नगर स्तरीय धर्मसँस्कृति रकमवाट सम्बन्धित वडाको सिफारिसमा प्रत्येक वडालाई रु.१,६५,००० - (एक लाख पैसठ हजार) खर्च गर्न दिने निर्णय गरियो ।

७. वडा नं.४ र ८ को वडा कार्यालय निर्माण गर्ने सम्बन्धमा ।
निर्णयः जिल्ला समन्वय समितिको ५०% सहकार्यमा वडा नं.४ र ८ को कार्यालयको भवन निर्माण गर्ने साथै निर्माण भई अधुरो रहेको विवाह मण्डप र ज्येष्ठ नागरिक विश्राम भवन पूर्ण निर्माण गर्ने निर्णय गरियो ।

८. कल्भर्ट निर्माण गर्ने सम्वन्धमा ।
निर्णयः वडा नं.५ खौराहा जाने वाटोमा पर्ने कल्भर्ट निर्माण गर्ने निर्णय गरियो ।

९. स्यानेटरी प्याडको भुक्तानी गर्ने सम्बन्धमा ।
निर्णयः मिति २०७९।१२।२३ गतेको स्यानेटरी प्याड खरिद सम्बन्धी सूचना वमोजिम प्याड आपुर्ति गर्न छनौट भएका श्री Angel touch Hygiene Manufacturing Pvt. Ltd., Mahila Ghar, Bhaisepati ले उपलब्ध गराएको स्यानेटरी प्याड र सोको ल्याब र स्वास्थ्य शाखाको प्रतिवेदन र मिति २०८०।०५।२७ गतेको श्री Angel touch Hygiene Manufacturing Pvt. Ltd., Mahila Ghar, Bhaisepati ले उपलब्ध गराएको Biodegrade Report सम्बन्धी घोषणा उपर छलफल गर्दा स्यानेटरी प्याडको भुक्तानी गर्ने निर्णय गरियो।

CamScanner

**१०. वडा नं.२१ मस्जिदको बक्यौता भुक्तानी सम्बन्धमा ।**

निर्णयः आ.व.२०७७/०७८ को बजेट, नीति तथा कार्यक्रममा वडा नं.२१ मा मस्जिद निर्माण गर्ने योजना भएको, गठित उपभोक्ता समितिले कार्य समेत सम्पन्न गरिसकेकोले प्राविधिक मूल्यांकन बमोजिमको भुक्तानी गर्ने निर्णय गरियो ।

**११. सरकारी वकिल कार्यालय जाने बाटोको योजना संशोधन गर्ने सम्बन्धमा ।**

निर्णयः सरकारी वकिल कार्यालय जाने बाटोको मर्मत तथा इन्टरलक गर्ने गरी योजना स्वीकृत भएकोमा प्राविधिकको सल्लाह बमोजिम सो बाटोमा नाला निर्माण र बाटो मर्मत गर्ने गरी योजना संशोधन गर्ने निर्णय गरियो ।

**१२. कलैया हाटबजार सौन्दर्यीकरण सम्बन्धमा ।**

निर्णयः कलैया हाट बजारमा बजार सौन्दर्यीकरण गर्न रु.८०,००,०००।–(अस्सी लाख मात्र) र निर्माण गर्ने रु.६०,००,०००।–(साठी लाख मात्र) बजेट विनियोजन भएकोमा दुबै योजना एकीकृत गरी कलैया हाट बजार सौन्दर्यीकरण र पसल कवल निर्माण योजना नामाकरण गर्दै रु.१ करोड बजेट कायम गर्ने र सो योजना उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने र बाँकी रहेको रकमबाट वडा नं.२७ को अधुरो स्वास्थ्य चौकी निर्माण योजनाको लागि ५(पाँच) लाखको योजना र कार्यालयको अधुरो शौचालय निर्माण योजनामा ५(पाँच) लाख थप गरी रु.१०(दश) लाख कायम गर्ने र अझ बाँकी रहन गएको रु.३०(तीस) लाख रकम मर्मत सम्भार कोषमा थप गर्ने निर्णय गरियो ।

**१३. प्रधानमन्त्री रोजगार कार्यक्रम योजना सम्वन्धमा ।**

निर्णयः तपसिल अनुसारको योजनाहरू प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.सं | वडा नं. | आयोजनाको नाम | लागत साझेदारी | प्र.रो.का.को अनुमानित बजेट रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ९ | टेङ्ग्रहर नदी(कुलो) सरसफाई तथा मर्मत सम्भार आयोजना | | | |
| २ | | मौजेरामपुर देखि बढुवा पोखरी जाने बाटोलाई मर्मत सम्भार कार्य गर्ने | | | |
| ३ | | रामपुर टोलको नन्दु साहको घरदेखि लाक्ष्मनिया जाने बाटो कल्भर्टसम्म कृषि बाटो निर्माण कार्य गर्ने | | | |
| ४ | २२ | वडा नं.२२ अन्तर्गत रहेका सम्पूर्ण कृषि कुलो सरसफाई तथा निर्माण कार्य आयोजना | | | |
| ५ | | वडा नं.२२ अन्तर्गत रहेका कृषि कुलो त्रिरमुहानी चौकदेखि जैतापुरसम्मको कृषि कुलो सरसफाई तथा निर्माण कार्य गराउने | | | |
| ६ | | मदिलवा धर्मशालादेखि पश्चिम टेङ्ग्रहर खोलासम्म अधुरो रहेको कृषि बाटो निर्माण कार्य आयोजना | | | |
| ७ | | धोधा ब्रह्मबाबा मन्दिरदेखि राजाको बाछा बाघसम्म कृषि बाटो निर्माण कार्य आयोजना | | | |
| ८ | २५ | वडा नं.२५ टोल सिसहनियाको दक्षिण तर्फ श्री ने.रा.मा.वि. सिसहनियादेखि पचायनपुर आधारभूत विद्यालयसम्मको बाटो सरसफाई तथा मर्मत योजना | | | |
| ९ | | वडा नं.२५ टोल सिसहनियाको पूर्व तर्फ रहेको कडीया नदीलाई सरसफाइ तथा मर्मत योजना | | | |
| १० | २७ | श्री ने.रा.आ.वि. बार्वाको पुरानो भवन भत्काउने निर्माण कार्य आयोजना | | | |
| ११ | १३ | वडा नं.१३ वडा कार्यालयको पुरानो जिर्ण अवस्थामा रहेको भवन भत्काउने कार्य आयोजना | | | |

**१४. दैनिक ज्यालादारीमा कार्यरत स्वीपरहरूको ज्याला कायम गर्ने सम्बन्धमा ।**

निर्णयः यस प्रस्ताव माथि छलफल गर्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८०।०५।२५ गते च.नं. PMEP/९३ को ज्यालादर पत्र सम्बन्ध मार्फत आ.व.२०८० साउन १ गते बाट लागू हुने गरी चिया बगान बाहेकका श्रमिकका लागि न्यूनतम दैनिक पारिश्रमिक रु.६६८।— प्रति दिन निर्धारण गरिएकोले यस उपमहानगरपालिकामा कार्यरत स्वीपरहरूको पारिश्रमिक दैनिक रु.६७०।—(छ सय सत्तरी मात्र) प्रति दिन कायम गर्ने निर्णय गरियो ।

**१५. तीज पर्वको लागि साँस्कृतिक कार्यक्रमका गर्न आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।**

निर्णयः यस प्रस्ताव माथि छलफल गर्दा महिला शान्ति समूह, बारा, कलैयाले तीज पर्वको अवसरमा जनचेतना मूलक कार्यक्रम गर्नका लागि धर्म संस्कृति शिर्षकबाट रु.५०,०००।—(पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**१६. धरौटी हिसाब मिलान गरी प्रतिवेदन पेश गर्ने जिम्मेवारी तोक्ने सम्बन्धमा ।**

निर्णयः यस उपमहानगरपालिकाको धरौटी हिसाब मिलान गरी प्रतिवेदन पेश गर्नको लागि उमेश एण्ड एसोसिएटस रजिष्टर्ड अडिटर्स, रजिष्टर्ड लेखा परिक्षक र.नं.०६८१ "ध" स. दर्ता नं.३२१८ र स्थाई लेखा नं.३००९००५१४ लाई जिम्मेवारी दिन नियुक्ति गर्ने निर्णय गरियो ।

**१७. आन्तरिक आय ठेक्का सम्बन्धमा ।**

निर्णयः पटक पटक ठेक्का आह्वान गर्दा पनि ठेक्का नलागेको तपसिल बमोजिमको ठेक्काको न्यूनतम अंकमा निम्नानुसारको १०% रकम घटाई पुनः ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

तपसिल

| ठे.नं. | ठेक्का शिर्षक | ठेक्का अवधि | वार्षिक न्यूनतम अंक | नयाँ वार्षिक न्यूनतम अंक |
|---|---|---|---|---|
| १/०८०/०८१ | कलैया-१ कटी पर्साको माछा पोखरी | ०८०।०८१ देखि ०८४।०८५ सम्म | रु.२००००००।- | रु.१८०००००।- |
| २/०८०/०८१ | कलैया-१२ धर्मनगरको माछा पोखरी | | रु.१६९६६४०।- | रु.१५२६९७६।- |
| ३/०८०/०८१ | कलैया-१८ पतौराको माछा पोखरी | | रु.१३३७४००।- | रु.१२०३६६०।- |
| ४/०८०/०८१ | कलैया-७ बैरियाको माछा पोखरी | | रु.४५००००।- | रु.४०५०००।- |
| ५/०८०/०८१ | कलैया-१० निलकण्ठवाको माछा पोखरी | | रु.२७०००००।- | रु.२४३००००।- |
| ८/०८०/०८१ | दोहरीको हाट बजार | ०८०।०८१ | रु.९००००।- | रु.८१०००।- |
| ९/०८०/०८१ | मटिअर्वा र नहर चौकको हाटबजार | | रु.१३५०००।- | रु.१२१५००।- |
| १०/०८०/०८१ | बघवन र भौराको हाट बजार | | रु.१८००००।- | रु.१६२०००।- |
| ११/०८०/०८१ | मझौलिया र चिनी मिलको हाटबजार | | रु.१८००००।- | रु.१६२०००।- |
| १२/०८०/०८१ | मोतिसर र सिसहनिया चौकको हाटबजार | | रु.१८०००।- | रु.१६२००।- |
| १३/०८०/०८१ | पचायनपुरको हाटबजार | | रु.४५०००।- | रु.४०५००।- |
| १४/०८०/०८१ | बसतपुरको हाट बजार | | रु.१८००००।- | रु.१६२०००।- |
| १५/०८०/०८१ | भोडहा, मदिलवा र मटिअरियाको बजार | | रु.१८००००।- | रु.१६२०००।- |

**१८. आर्थिक सहयोग सम्बन्धमा ।**

निर्णयः कलैया-२७ मा बस्ने विजय चौधरीको छोरा बुहारी आरती चौधरी सुत्केरी अवस्थामा एकदमै शिकिस्त बिरामी भई उपचारको क्रममा मृत्यु भएको तथा निज अति विपन्न भएकोले विजय चौधरीलाई छोरा बुहारीको काजक्रियाको लागि रु.१५,०००।—(पन्ध्र हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner